नवदुर्गा गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः १०** **संख्याः १** **मितिः२०८३/०१/०७**

## भाग-२

## नवदुर्गा गाउँपालिका

**<u>प्राविधिक कर्मचारीहरुको फिल्ड सुविधा सम्बन्धी कार्यलाई व्यवस्थित गर्न बनेको विधेयक,२०७७ (प्रथम संशोधन २०८३)</u>**

**प्रस्तावनाः**

यस गाउँपालिका क्षेत्र भित्र कार्यान्वयन हुने योजनाहरुका लागि प्राविधिक कर्मचारीहरु योजना स्थलमै जानुपर्ने अवस्था भएकोले निजहरुलाई उक्त कार्यका बैज्ञानिक एवं व्यवस्थित तरिकाले सुविधा प्रदान गर्न वाञ्छनीय भएकोले नवदुर्गा गाउँ कार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ।

**परिच्छेद –१**

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम “प्राविधिक कर्मचारी फिल्ड सुविधा सम्बन्धी कार्यविधि, २०७७” रहेको छ ।

(२) यो कार्यविधि नवदुर्गा गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

नवदुर्गा गाउँपालिका

**२. प्राविधिक कर्मचारी फिल्ड सुविधा सम्बन्धी कार्यविधि, २०७७ को दफा ७ मा संशोधनः**

प्राविधिक कर्मचारी फिल्ड सुविधा सम्बन्धी कार्यविधि, २०७७ (यसपछि मूल कार्यविधि भनिएको) को दफा ७ को उपदफा १ माः-

(१) गाउँ कार्यपालिकामा कार्यरतको सट्टा गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत शब्द थप गर्ने।

(२) कार्यरत पछि इन्जिनियर सातौंको हकमा प्रति महिना रु. १६,०००।००, इन्जिनियर आठौंको हकमा प्रति महिना रु. १८,०००।०० भन्ने शब्दावली थप गर्ने।

(३) उपदफा ३ पछि देहायको उपदफा ४ थप गर्नेः

४. यस कार्यविधिमा व्यवस्था नभएको कारण कुनै तहको प्राविधिक कर्मचारीको फिल्ड सुविधामा फरक पर्न गएको भए निजको तह कायम वा वृद्धि भएको मिति देखि यसै संशोधित कार्यविधि बमोजिमको फिल्ड सुविधा लिन वाधा पर्ने छैन।

आज्ञाले,

महेन्द्र बोहरा

प्रमुख प्रशासकीय अधिकृत

नवदुर्गा गाउँपालिका